# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, श्रावण ०१ गते, २०७८ साल (संख्या ०३

# भाग १

## प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७८ सालको अध्यादेश नं ०१

## प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अध्यादेश

**प्रस्तावना:** प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजश्व संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धी प्रचलित कानूनलाइ संशोधन गर्न आवश्यक भएको र हाल प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस अध्यादेशको नाम “प्रदेश आर्थिक अध्यादेश, २०७८" रहेको छ।

(२) यो अध्यादेश सम्वत् २०७८ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा र व्याख्या:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. **घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क:** (१) प्रदेशभित्र घर, जग्गा र घरजग्गा लगायतको रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क लगायतका शुल्क तथा दस्तुर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन घरजग्गा लगायतको रजिष्ट्रेशनका बखत सम्बन्धित स्थानीय तहले गर्नेछ। प्रदेश तथा स्थानीय तहमा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म संघीय आर्थिक ऐन बमोजिम नेपाल सरकारको

सम्बन्धित कार्यालयले यस अध्यादेश बमोजिमको शुल्क उठाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम प्रदेश र सम्बन्धित स्थानीय तहको सञ्चितकोषमा दाखिला गर्नुपर्नेछ।

(३) मालपोत कार्यालयबाट पारित हुने लिखतमा लिइने रजिष्ट्रेशन शुल्क लगायतका शुल्कको प्रयोजनको लागि घर, जग्गा र घरजग्गा लगायतको मूल्याङ्कन सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

४. **<u>सवारी साधन कर:</u>** (१) प्रदेशभित्र सवारी साधनमा अनुसूची-२ बमोजिम सवारी साधन कर लगाई असुल उपर गरिनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहमा साधन, स्रोत, प्रविधि तथा जनशक्ति व्यवस्थापन नभएसम्म थ्री-ह्वीलर सवारी साधन (टेम्पो, अटोरिक्सा, ई-रिक्सा जस्ता) मा प्रदेश सरकारले यस अध्यादेश बमोजिम कर लगाउने र उठाउनेछ। यसरी सङ्कलित कर प्रदेश र स्थानीय तह बीच बाँडफाँड गरिनेछ।

५. **<u>मनोरञ्जन कर:</u>** (१) प्रदेशभित्र सञ्चालित मनोरञ्जन सेवामा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाईनेछ।

(२) उपदफा (१) बमोजिमको करको सङ्कलन सम्बन्धित स्थानीय तहले गर्नेछ।

६. **<u>विज्ञापन कर:</u>** प्रदेशमा विज्ञापन सामग्री वापतको विज्ञापन कर सम्बन्धित स्थानीय तहले कानून बमोजिम निर्धारण गरी असुल उपर गर्न सक्नेछ।

७. **<u>कृषि आयमा कर:</u>** (१) प्रदेशभित्र अनुसूची-४ बमोजिम कृषि आयमा कर लगाई असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम कर लगाउने कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ।

८. **पर्यटन शुल्कः** (१) प्रदेशभित्र अनुसूची-५ बमोजिम पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ।

(२) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले अन्यथा व्यवस्था गरेकोमा बाहेक स्थानीय तहभित्र रहेका उद्यान, पार्क, सङ्ग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचिन स्मारक र पुरातात्विक सम्पदामा प्रवेश गरे वापत सम्बन्धित स्थानीय तहले कानून बमोजिम पर्यटन शुल्क लगाई असुल उपर गर्न सक्नेछ।

९. **प्राकृतिक स्रोत शुल्कः** (१) प्रदेशभित्र अनुसूची-६ बमोजिम ढुङ्गा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तरको सङ्कलनमा शुल्क लगाई असुल उपर गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्वन्धित स्थानीय तहले यस अध्यादेशमा उल्लेखित दरमा कम नहुने गरी प्रतिस्पर्धाको आधारमा बिक्री गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन सम्बन्धित स्थानीय तहले गर्नेछ।

१०. **राजस्वको बाँडफाँड र दाखिलाः** यस अध्यादेश बमोजिम प्रदेश र स्थानीय तहको साझा अधिकार भएका कर, शुल्क तथा दस्तुरबाट सङ्कलित राजस्वको रकम प्रदेश तथा स्थानीय तहले आफ्नो विभाज्य कोषमा जम्मा गरी प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ बमोजिम बाँडफाँड गरी प्रदेश र स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

११. **<u>दर घटाउन, बढाउन वा छुट दिन सकिने</u>:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो अध्यादेश र अन्य कानून बमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्णरूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

१२. **<u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u>:** प्रचलित कर सम्बन्धी कानून तथा यस अध्यादेशको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद् तथा महामारीको कारणले उल्लेखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित कानून तथा यस अध्यादेशको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएका बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

१३. **प्रदेश सरकारले तोके बमोजिम हुनेः**- यस अध्यादेशमा उल्लेख नभएका तर प्रदेश सरकार अन्तर्गतका निकायबाट प्रदान गरिने सेवा वापत लिईने शुल्क तथा दस्तुर लगायतका विषयमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

### क. घरजग्गा लगायतका अन्य रजिष्ट्रेशन शुल्क

| सि. नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर (अन्यथा उल्लेख भएकोमा बाहेक) थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्र | उप म.न.पा. क्षेत्र | न.पा. क्षेत्र | गा.पा. क्षेत्र |
| १ | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत | | | | |
| | क) राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा | ४% | ३% | २% | १% |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| २ | क) छोडपत्र (आफ्नो हकहिस्साको थैली) | १. तीन पुस्ता भित्रकोमा वकस सरह<br>२. तीन पुस्ता बाहिरकोमा राजीनामा सरह | | | |
| | ख) दर्ताफारी (संयुक्त दर्तावाल बीचको कूल जग्गाको थैली अङ्कमा) | २.५% | २% | २% | १% |
| ३ | **हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा** | | | | |
| | क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाईवुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाईं, सासु, | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीबुहारी, काका, काकी, मामा, माइजु, भाञ्जा, भाञ्जी ठूलो-बुवा, ठूली-आमा (बावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी, फूपू र भदा भदै बीच। | | | | |
| | अ) रू.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | १% | ०.५% |
| | आ) रू.१ लाख भन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | २% | २% | १% |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा<br><br>**<u>स्पष्टीकरण</u>** : यस प्रयोजनका लागि सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश तथा स्थानीय तह तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन। | १५% | १५% | १५% | १०% |
| ४ | **अंशवण्डा तथा अंश भरपाईको लिखतमा** | | | | |
| | क) रू.३० लाखसम्मको थैली अङ्कमा | ०.२% | ०.२% | ०.२% | ०.२% |
| | ख) रू.३० लाख भन्दा वढी रू. २ करोडसम्मको थैली | ०.३% | ०.३% | ०.३% | ०.३% |

| | | | | | |
|---|---|---|---|---|---|
| | अङ्कमा | | | | |
| | ग) रू. २ करोड भन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% | ०.५% |
| ५ | **मानो छुट्टिएको र मानो जोडिएको लिखत** | | | | |
| | क) मानो छुट्टिएको प्रति लिखत | रू.१२००० ।- | रू.११०० ० ।- | रू.१०००० ।- | रू.५००० ।- |
| | ख) मानो जोडिएको प्रति लिखत | रू.१५००० ।- | रू. १२०००।- | रू.१०००० ।- | रू.५००० ।- |
| ६ | **शेषपछिको वकसपत्र/अष्टलोहको प्रतिलिखत** | | | | |
| | क) तीन पुस्ताभित्रको | रू. ७,०००।- | | | |
| | ख) तीन पुस्ताबाहिरको | रू.१२,०००।- | | | |
| ७ | दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अङ्कमा | १% | १% | १% | १% |
| ८ | अधिकारनामा, मञ्जुरीनामा | | | | रू.२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | र अख्तियारनामाको लिखत | रू.२०० ०।- | रू.२०० ०।- | रू.२०० ०।- | ०।- |
| ९ | दाखील खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% | १% |
| १० | सि.नं. ४ को अंशवण्डा तथा अंश भरपाईको लिखत घर वा जग्गा वा घरजग्गा दुवै भएको क्षेत्रको कुनै मालपोत कार्यालयबाट पारित गर्न सकिनेछ। सि.नं. १ देखि १५ सम्मका अन्य घर वा जग्गा वा घरजग्गा दुवै रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरू घर जग्गा भएको क्षेत्रको कार्य गर्ने कार्यालय बाहेक अन्य कार्यालयबाट पारित गर्न सकिने छैन। स्थायी ठेगाना भन्दा बाहेक अन्य क्षेत्रबाट अंशवण्डा वा अंश भरपाई गर्दा स्थायी ठेगाना भएको क्षेत्रमा यस अघि अंशवण्डा वा अंश भरपाई भए वा नभएको बुझि एकिन गर्नुपर्ने। | | | | |
| ११ | गुठी स्थापना लिखत (गुठी वापत दर्ता) | रू.६०० ।- | रू.५५० ।- | रू.५०० ।- | रू.४०० ।- |
| १२ | घर बहाल लिखत वापत पहिलो महिनाको बहाल रकमको | ५% | ४.५% | ४% | ३% |
| १३ | फलोपभोग (युजु फ्रक्टी) | रू.१०० | रू.८०० | रू.७०० | रू.५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ०।- | ।- | ।- | ।- |
| १४ | **शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दा:** | | | | |
| | क. शर्त संसोधन | रू.१५०<br>०।- | रू.१२०<br>०।- | रू.१००<br>०।- | रू.५००<br>।- |
| | ख. बकस पत्र रद्द | रू.२००<br>०।- | रू.१७०<br>०।- | रू.१५०<br>०।- | रू.१००<br>०।- |
| १५ | अन्य लिखत | | | | |
| | क. रकम खुलेकोमा | ३% | २.५% | २% | १% |
| | ख. रकम नखुलेकोमा | रू.७००<br>०।- | रू.६००<br>०।- | रू.५००<br>०।- | रू.३००<br>०।- |

**ख. सेवा शुल्क**

| **सि. नं.** | **विवरण** | **सेवा शुल्कको दर (अन्यथा उल्लेख भएकोमा बाहेक) थैली अङ्कमा** | | | |
|---|---|---|---|---|---|
| | | **म.न.पा. क्षेत्र** | **उप म.न.पा. क्षेत्र** | **न.पा. क्षेत्र** | **गा.पा. क्षेत्र** |
| १ | **लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क:** | | | | |
| | क) तराई | रू.१५००० | रू.१०००० | रू.७००० | रू.३००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्षेत्रमा | ।- | ।- | ।- | ।- |
| | ख) अन्य क्षेत्रमा | रू.१५००० ।- | रू.७००० ।- | रू.५००० ।- | रू.२००० ।- |
| २ | <u>वित्तीय धितो</u><br><br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | | |
| | क) रू. १,००,०००।- सम्मको लिखतको थैली अङ्कमा | रू.१००० ।- | रू.१००० ।- | रू.१००० ।- | रू.१००० ।- |
| | ख) रू. १,००,०००।- भन्दा बढी रू. ५,००,०००।- सम्मको थैली अङ्कमा | रू.१५०० ।- | रू.१५०० ।- | रू.१५०० ।- | रू.१५०० ।- |
| | ग) रू. ५,००,०००।- भन्दा बढी | रू.२५०० ।- | रू.२५०० ।- | रू.२५०० ।- | रू.२५०० ।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | रू.१०,००,०००।- सम्मको थैली अङ्कमा | | | | |
| | घ) रू.१०,००,०००।- भन्दा बढी रू.२०,००,०००।- सम्मको थैली अङ्कमा | रू.३०००।- | रू.३०००।- | रू.३०००।- | रू.३०००।- |
| | ङ) रू.२०,००,०००।- भन्दा बढी रू.५०,००,०००।- सम्मको थैली अङ्कमा | रू.५०००।- | रू.५०००।- | रू.५०००।- | रू.५०००।- |
| | च) रू. ५०,००,०००।- भन्दा बढी रू. | रू.२००००।- | रू.२००००।- | रू.२००००।- | रू.२००००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | १,००,००,०००।- सम्मको थैलीअङ्कमा | | | | |
| | छ) रू १,००,००,०००।- भन्दा बढी रू.२,००,००,०००।- सम्मको थैली अङ्कमा | रू.३००००।- | रू.३००००।- | रू.३००००।- | रू.३००००।- |
| | ज) रू २,००,००,०००।- भन्दा बढी रू.५,००,००,०००।- सम्मको थैलीमा अङ्कमा | रू.६५०००।- | रू.६५०००।- | रू.६५०००।- | रू.६५०००।- |
| | झ) रू.५,००,००,००० भन्दा बढी | रू.१०००००।- | रू.१०००००।- | रू.१०००००।- | रू.१०००००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | १०,००,००,००० सम्मको थैली अङ्कमा | | | | |
| | ञ) रू.१०,००,००,००० भन्दा बढी २५,००,००,००० सम्मको थैली अङ्कमा | रू.१५०००० ।- | रू.१५०००० ।- | रू.१५०००० ।- | रू.१५०००० ।- |
| | ट) रू.२५,००,००,००० भन्दा वढी जतिसुकै थैली अङ्कमा | रू.२०००००।- | रू.२०००००।- | रू.२०००००।- | रू.२०००००।- |
| ३ | सरकारी जग्गा लिजमा उपलव्ध गराउने | सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउन प्रदेश सरकारले नीति बनाई शुल्क तोक्न सक्नेछ। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा (जुनसुकै प्रयोजनको लागि) | | | | |
| | क) तराई क्षेत्र | रू.६००।- | रू.५००।- | रू.३००।- | रू.२००।- |
| | ख) अन्य क्षेत्र | रू.६००।- | रू.३००।- | रू.२००।- | रू.१००।- |
| ५ | दाखील खारेज शुल्क | | | | |
| | क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखील खारेज गर्दा | ५% | ४.५% | ४% | २% |
| | ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को | ३% | २.५% | २% | १% |

| | | | | | |
|---|---|---|---|---|---|
| | दाखिला खारेज गर्दा | | | | |
| | ग) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |

| | | | | | |
|---|---|---|---|---|---|
| | घ) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट वैक वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाँउमा दाखिल खारेज गर्दा प्रति मिसिल | रू.७००० ।- | रू.६०००। - | रू.५००० ।- | रू.२००० ।- |
| | ङ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो | २.५% | २% | २% | १% |

| | | | | | |
|---|---|---|---|---|---|
| | लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | | | | |
| | च) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दा.खा. हुन आँउदा प्रति मिसिल | रू.५००।- | रू.४००।- | रू.३००।- | रू.२००।- |
| | छ) अदालत वा न्यायिक निकायको फैसला बमोजिम | रू.५०००।- | रू.३०००।- | रू.१०००।- | रू.५००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | लिलाम बढाबढ गरी दाखील खारेज गर्दा प्रति मिसिल | | | | |
| | ज) शेषपछिको वकसपत्रको दाखिल खारेज | | | | |
| | अ) तीनपुस्ता भित्रको भए | सबै क्षेत्रका लागि बकस सरह | | | |
| | आ) तीनपुस्ता बाहिरको भए (थैली अङ्क) मा | राजिनामा सरह | | | |
| ६ | **नामसारी** | | | | |
| | क) तीन पुस्ताभित्रको नामसारी गर्दा | रू.१५०० ।- | रू.१२०० ।- | रू.१००० ।- | रू.५०० ।- |
| | ख) तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रू.३५०० ।- | रू.३००० ।- | रू.३००० ।- | रू.१५०० ।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | **हाल साविक**<br><br>पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रू.१००० ।- | रू.५००।- | रू.३००। - | रू.२०० ।- |
| ८. | **घर कायम**<br><br>श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रू.३००० ।- | रू.२५०० ।- | रू.२५०० ।- | रू.१०० ०।- |
| ९ | **संशोधन शुल्क**<br><br>मालपोत ऐन, २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रू.१५०० ।- | रू.१००० ।- | रू.१००० ।- | रू.५०० ।- |
| १० | **रोक्का शुल्क** | | | | |
| | क) लिखत | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | | | |
| | अ) रू.१,००,०००।- सम्मको ऋण अङ्कमा | रू.१००० ।- | रू.५००।- | रू.५००। - | रू.३०० ।- |
| | आ) रू.१,००,०००।- भन्दा वढी रू.५,००,०००।- सम्म ऋण अङ्कमा | रू.१५०० ।- | रू.१००० ।- | रू.१००० ।- | रू.५०० ।- |
| | इ) रू. ५ लाख भन्दा बढी जतिसुकै ऋण अंकमा | रू.२००० ।- | रू.१५०० ।- | रू.१५०० ।- | रू.१०० ०।- |
| | ई) ऋण अङ्क नखुलेकोमा | रू.७००० ।- | रू.५००० ।- | रू.५००० ।- | रू.३०० ०।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | क) जग्गाधनी प्रमाण पुर्जा दस्तुर | निःशुल्क उपलब्ध गराइने। | | | |
| | ख) जग्गाधनी प्रमाण पुर्जा प्रतिलिपी दस्तुर | रू.५००।- | रू.५००।- | रू.५००।- | रू.५०० ।- |

ग. **विविध**

| | |
|---|---|
| १ | जलविद्युत उद्योग, सौर्य उर्जा, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवम् फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा सम्बन्धित स्थानीय तहको सिफारिका आधारमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित स्थानीय तहले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| २ | अधिकारनामा र शेषपछिको वकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य रूपमा खुलाउनु पर्नेछ। |
| ३ | दुई वा दुई भन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनको लागि जग्गाको चक्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा सो मा लाग्ने राजस्व मिनाह गरिनेछ। यसरी राजस्व मिनाहको सुविधा लिई चक्लाबन्दी गरेको जग्गाको कुनै पनि किसिमले हक हस्तान्तरण गर्न पाईने छैन्। |

| | |
|---|---|
| ४ | प्रदेशभित्र (सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य) उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा सम्बन्धित स्थानीय तहले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ५ | माथि बुँदा नं. १, ३ र ४ बमोजिम छुट सुविधा लिन सम्बन्धित व्यवसाय दर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। |
| ६ | (क) प्रदेशभित्र कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर, सेवा शुल्क रू. १०००।- लाग्नेछ। |
| | (ख) प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर, सेवा शुल्क रू. ५००।- लाग्नेछ। |
| ७ | (क) सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरू बीच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रूपैयाँ सम्मको थैली अङ्कमा रोक्का शुल्क वाहेक सेवा शुल्क छुट हुनेछ। सो भन्दा माथिको थैली अङ्कमा खण्ड ख |

| | |
|---|---|
| | सेवा शुल्क महलको सि.नं. २ वमोजिमको सेवा शुल्क लाग्नेछ तर रोक्का शुल्क छुट हुनेछ। |
| | (ख) यो अध्यादेश प्रारम्भ भएपश्चात् प्रदेशभित्र बैंकिङ्ग तथा वित्तीय व्यावसाय र बीमा व्यवासाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क वाहेक अन्य शुल्क लाग्ने छैन। |
| ८ | जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहीदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस अध्यादेश बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| ९ | पूर्ण अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाती भनी स्थानीय तहवाट प्रमाणित भएको सिफारिस वा आधिकारीक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस अध्यादेश वमोजिम असुल गरिने घरजग्गा रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। |
| १० | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस अध्यादेश बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर, एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ। |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घरजग्गाको स्वामित्व |

| | |
|---|---|
| | परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रू.१००।- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ। |
| | (ग) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचहत्तर प्रतिशत छुट दिइनेछ। तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित स्थानीय तहले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ११ | भूमिहीन मूक्त कमैया र मूक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| १२ | विविधको क्रमसंख्या ८, ९, १० र ११ बमोजिम छुट दिंदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सवैभन्दा बढी कुनै एकमात्र छुट दिइनेछ। |
| १३ | बैक, वित्तीय एवम् सहकारी संघ, संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा शुल्क असुल गर्ने प्रयोजनको लागि सम्बन्धित स्थानीय तहले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तीय एवम् सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई |

| | |
|---|---|
| | कायम गर्नुपर्नेछ। |
| १४ | धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ, संस्था वा निकायले आफ्नो नाउँमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |
| १५ | प्रदेशभित्र यो अध्यादेश लागू हुँदाका वखत नेपाल सरकारवाट घोषणा भएका वा यसपछि घोषणा हुने नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि यस अनुसूची वमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ। |
| १६ | सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी , तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क नियामक निकायको सिफारिसमा पूर्ण रूपमा छुट हुनेछ। तर, त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरीद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक विक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असुल उपर गरिनेछ। |
| १७ | एउटै कारोवारबाट १० लाख रूपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा विक्रेताका |

| | |
|---|---|
| | नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र सम्बन्धित निकायले लिखत पारित गर्नेछ। |
| १८ | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |
| १९ | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या २ मा उल्लेखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| २० | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा अन्तर्गतको कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा अन्तर्गतको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २१ | कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा मातहतका कुनै निकायलाई निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा मातहतका कुनै पनि निकाय वा सामुदायिक विद्यालयले खरीद गरि लिएमा वा लिलाम सकार गरेमा सो मा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २२ | वैदेशिक रोजगारीवाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सवाट खरीद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |

| | |
|---|---|
| २३ | यस अध्यादेश बमोजिमको छुट सुविधा यो अध्यादेश प्रारम्भ भएको मिति देखि वि.सं. २०७९ साल आषाढ मसान्तसम्मको अवधिमा कारोवार हुन आउने लिखतको हकमा मात्र कायम हुनेछ। |
| २४ | मालपोत कार्यालयबाट प्रवाह हुने सेवाहरु प्राप्त गर्नका लागि कारागारमा रहेका कैदीबन्दीले सम्बन्धित कारागार प्रमुख वा तोकिएको कर्मचारी समक्ष निवेदन गरेमा सो निवेदनलाई कारागार प्रमुख वा तोकिएको कर्मचारीले सम्बन्धित मालपोत कार्यालयमा पठाई सम्बन्धित मालपोत कार्यालयबाट कैदीवन्दीको माग बमोजिमको सेवा उपलब्ध गराउन अनुरोध सहितको पत्र तथा कागजात कारागार रहेको क्षेत्रको मालपोत कार्यालयमा प्राप्त हुन आएमा कारागार रहेको क्षेत्रको मालपोत कार्यालयले सही सनाखत गराउन आफ्नो कर्मचारीलाई डोर खटाउन सक्नेछ। यसरी सही सनाखत गराउँदा कारागार प्रमुख वा निजले तोकेको कर्मचारीको रोहवरमा गराउनु पर्नेछ। |
| २५ | यस अनुसूचीको प्रयोजनको लागि तराईक्षेत्र भन्नाले तराई र भित्रि मधेशका जिल्ला सम्झनु पर्छ। |

## अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

## सवारी साधन कर

| क्र.सं. | सवारीको किसिम | वार्षिक करको दर (रू.)मा |
|---|---|---|
| १ | निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | |
| | **क) कार, जिप, भ्यान, माइक्रो बस** | |
| | (अ) १००० सी.सी सम्म | २०,००० |
| | (आ) १००१ देखि १५०० सी.सी सम्म | २२,००० |
| | (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | २५,००० |
| | (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | ३४,००० |
| | (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | ३९,००० |
| | (ऊ) २९०१ सी.सी. देखि माथि सबै | ५५,००० |
| | **ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| | (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन | ४०,००० |

| | | |
|---|---|---|
| | जस्ता मेशिनरी उपकरण | |
| | (आ) मिनीटिपर | ३०,००० |
| | **ग) ह्वीलर, टेम्पो, ई-रिक्सा ,ट्रेक्टर,पावर टिलर** | |
| | (अ) थ्री ह्वील टेम्पो | ५,००० |
| | आ) थ्री ह्वील ई-रिक्सा | ३,००० |
| | (इ) ट्रेक्टर | |
| | i) कृषि प्रयोजन कम्बाइन हारबेष्टर | ४,००० |
| | ii) कृषि तथा गैर कृषि दुवै प्रयोजन | ११,००० |
| | iii) गैर कृषि प्रयोजन | १५,००० |
| | (इ) पावर टिलर | २,००० |
| | **घ) मिनिट्रक/मिनिबस** | २३,५०० |
| | **ङ) ट्रक/बस** | ३२,००० |
| | **(च) मोटर साईकल/ स्कुटर** | |
| | अ) १२५ सी.सी. सम्मको | २,५०० |
| | आ) १२६ देखि २५० सी.सी. सम्म | ४,५०० |

| | | |
|---|---|---|
| | इ) २५१ देखि ४०० सी.सी. सम्म | ९,५०० |
| | ई) ४०१ सी.सी. र सो देखि माथि | २०,००० |
| | **(छ) निजी विद्युतीय सवारी साधनमा** | |
| | अ) **मोटरसाइकल/स्कुटर** | |
| | i) ३५० वाट देखि १००० वाटसम्म | १,५०० |
| | ii) १००१ वाट देखि १५०० वाटसम्म | २,००० |
| | iii) १५०१ वाट भन्दा माथि | ३,००० |
| | **आ) कार, जिप, भ्यान र माइक्रोबस** | |
| | i) ५० किलो वाट देखि १२५ किलो वाटसम्म | १५,००० |
| | ii) १२६ किलो वाट देखि २२५ किलो वाटसम्म | २०,००० |
| | iii) २२६ किलो वाट भन्दा माथि | ३०,००० |
| २ | **भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| | (क) कार, जिप, भ्यान, माइक्रो बस | |
| | (अ) १३०० सी.सी.सम्म | ८,५०० |

| | | |
|---|---|---|
| | (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | १०,००० |
| | (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | १२,००० |
| | (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | १४,००० |
| | (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | १७,००० |
| | (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | २०,००० |
| | (ग) थ्री ह्वीलर र टेम्पो | ४,००० |
| | (घ) ट्रेक्टर | ११,००० |
| | (ङ) पावर ट्रिलर | १,५०० |
| | (च) मिनीट्रक, मिनीबस | १२,५०० |
| | (छ) मिनी ट्रिपर | १५,००० |
| | (ज) ट्रक | १७,००० |
| | (झ) बस | १६,००० |
| ३ | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, पर्यटक सवारी र सार्वजनिक संस्थानका नाउँमा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका | |

| | |
|---|---|
| | सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ। |
| ४ | भाडामा दर्ता हुने विद्युतीय माध्यमबाट सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि उल्लेखित क्रम संख्या १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ। |
| ५ | विद्युतीय माध्यमबाट चल्ने निजी सवारी साधनमा लाग्ने करमा पच्चीस प्रतिशत छुट हुनेछ। |
| ६ | शुरू पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर लगाईनेछ। तर, व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ७ | उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ। तर, यस्तो सवारी साधनको कुल कर रकम उक्त सवारी साधनको लागि तोकिएको कर रकमको दोब्बरभन्दा बढी हुने छैन। |
| ८ | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, जन आन्दोलनमा घाइतेलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तोकिएको करमा साठी प्रतिशत छुट पाउनेछन्। प्रदेश सरकारको कुनै निकायबाट अनुगमन गर्दा सो बमोजिमको छुट दिएको नपाईएमा छुट दिएको रकम र |

| | |
|---|---|
| | सोही बराबर जरिवाना गरी असुल उपर गरिनेछ। |
| ९ | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा बढीमा पाँच बर्षसम्मका लागि अग्रिम रूपमा बुझाउन सक्नेछन्। यसरी अग्रिम रूपमा पाँच वर्षको एकमुष्ठ कर भुक्तानी गरी नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दश प्रतिशत छुट हुनेछ। अन्यथा छुट हुने छैन। |
| १० | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ११ | क्रम संख्या १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स र शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| १२ | दश लाख रूपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ। |
| १३ | यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन। |
| १४ | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रूपैयाँ वा चार |

| | |
|---|---|
| | वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ। तर, यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन। |
| १५ | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन। तर अन्य शुल्क लाग्नेछ। |
| १६ | यस अध्यादेश बमोजिम छुट सुविधा उपलब्ध गराउँदा दुई वा सो भन्दा बढी छुट सुविधा पाउने अवस्था भएमा जुन शिर्षकमा सबैभन्दा बढी छुट सुविधा उल्लेख भएको छ सो मात्र छुट हुनेछ। |
| १७ | निषेधाज्ञा अवधिभित्र कर तथा शुल्क दाखिला गर्नुपर्ने म्याद कायम भएका सवारी साधनको हकमा चालु आ.व. २०७७/०७८ को सवारी साधन कर तथा शुल्क आगामी आ.व. २०७८/०७९ मा बुझाउँदा लाग्ने जरिवाना २०७८ साल आश्विन मसान्तभित्र दाखिला गरेमा मिनाह हुनेछ। |
| १८ | लुम्बिनी प्रदेश बाहेक अन्य प्रदेशमा सवारी साधन दर्ता गरी सञ्चालनमा रहेका र यस प्रदेशभित्र सरुवा सहमति लिई स्थानान्तरण गर्न चाहनेहरुका लागि अन्य प्रदेशमा दाखिला गरेको सवारी साधन कर भन्दा यस प्रदेशमा लाग्ने सवारी साधन कर बढी हुन आएमा उक्त बढी हुने कर रकम सो वर्षका लागि छुट दिइनेछ। |

## अनुसूची-३

(दफा ५ सँग सम्बन्धित)

**मनोरञ्जन कर**

१. चलचित्र, नाटकघर, भिडियोघर र थियटरमा टिकट मूल्यको ५ प्रतिशत मनोरञ्जन कर लाग्नेछ।

२. सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था भएकोमा टिकट मूल्यको ५ प्रतिशत र टिकटको व्यवस्था नभएकोमा देहाय बमोजिमको दरमा मनोरञ्जन कर लाग्नेछः-

| सि. नं. | मनोरञ्जन सेवा | कार्यक्रम | जिल्लाको वर्ग अनुसार करको दर (रू. मा) | | |
|---|---|---|---|---|---|
| | | | क वर्ग | ख वर्ग | ग वर्ग |
| १ | सर्कस, खेल, मेला, जादु, चटके | १ दिन सम्मको | १०,०००।- | ५,०००।- | २,५००।- |
| | | ७ दिनसम्म | ५०,०००।- | २५,०००।- | १२,०००।- |
| | | ८ देखि १५ दिनसम्म। | १,००,०००।- | ५०,०००।- | २५,०००।- |
| | | १६ देखि ३० दिन सम्म। | १,५०,०००।- | ७५,०००।- | ३७,०००।- |

**द्रष्टव्य**ः यस दफाको प्रयोजनको लागि जिल्लाहरूको वर्गीकरण देहाय बमोजिम हुनेछः-

"क" वर्गमा पर्ने जिल्लाहरूः नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु,दाङ्ग, बाँके र बर्दिया

"ख" वर्गमा पर्ने जिल्लाहरूः पाल्पा, गुल्मी, अर्घाखाँची र प्यूठान

"ग" वर्गमा पर्ने जिल्लाहरूः रोल्पा र रूकुम (पूर्व)

३. ३० दिन भन्दा माथिको सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था अनिवार्य गर्नुपर्नेछ।

४. टि.भी. केवल नेटवर्कको हकमा शुल्कको १ प्रतिशत र डिश टि.भी. को हकमा रिचार्ज रकमको २ प्रतिशतका दरले कर लाग्नेछ।

## अनुसूची-४

(दफा ७ सँग सम्बन्धित)

## कृषि आयमा कर

| सि.नं. | आयको वर्गीकरण | करको दर |
|---|---|---|
| १ | घोषित आय रू. ५,००,०००।– सम्म | छुट |
| २ | घोषित आय रू. ५,००,०००।– भन्दा माथि रू.१०,००,०००।– सम्म | २% |
| ३ | घोषित आय रू. १०,००,०००।– भन्दा माथि रू.२०,००,०००।– सम्म | ५% |
| ४ | घोषित आय रू.२०,००,०००।– भन्दा माथिको हकमा पहिलो २० लाखसम्म सि.नं. ३ बमोजिम त्यसपछिको २० लाखमा प्रतिलाख २%, त्यसभन्दा माथिको जुनसुकै रकममा प्रतिलाख ३% का दरले कर लाग्नेछ। | |

## अनुसूची-५

(दफा ८ सँग सम्बन्धित)

**पर्यटन शुल्क**

१. प्रदेश भित्रका आफ्नो स्वामित्वमा रहेका पर्यटकीय स्थलहरूको प्रवेश शुल्कमा टिकट मूल्यको ५ प्रतिशतका दरले पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ ।

## अनुसूची-६

(दफा ९ सँग सम्बन्धित)

**प्राकृतिक स्रोत शुल्क**

| सि.नं. | विवरण | इकाई | दर | |
|---|---|---|---|---|
| | | | तराईका जिल्लाहरू | पहाडका जिल्लाहरू |
| १ | ढुंगा, गिट्टी, बालुवा | प्रति क्यूब फिट | रू.१२।- | रू.८।- |
| २ | माटो | प्रति क्यूब फिट | रू.३।- | रू.१।- |
| ३ | दहत्तर बहत्तर | प्रति के.जी. | रू.२।- | रू.१।- |

यस अनुसूचीमा जुनसुकै कुरा लेखिएको भए तापनि तराईका जिल्लाका स्थानीय तहसँग सिमाना जोडिएका भु-भागबाट पहाडी जिल्लाका स्थानीय तहले प्राकृतिक स्रोतको बिक्री गर्दा तराईका जिल्लाको लागि तोकिएको दररेटका आधारमा गर्नु पर्नेछ।

**आज्ञाले,**

**राजेन्द्र थापा**

**कानून सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालय